पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८२/०८३
च.नं. : 6343

मिति: २०८३/०२/२७

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषय: उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ६८औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) यसै पत्रसाथ संलग्न राखि पठाइएको व्यहोरा समेत अनुरोध छ ।

**तपशिल:**

मिति: २०८३ जेठ २८ गते (बिहीबार)
समय: बिहान ८:०० बजे
स्थान: पोखरा उपत्यका नगर विकास समितिको सभाहल, पोखरा-७ ।

.........................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ:**

श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका ।
श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

# ६८औं कार्यपालिका बैठकको कार्यसूची (एजेण्डा)

१. ६७औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा ।
२. आगामी आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।
३. पोखरा म.न.पा.८ मा अवस्थित Nepal Red Cross Society को माग निवेदन सम्बन्धमा ।
४. सार्वजनिक निजी साझेदारीको वर्तमान अवस्था, चुनौती र सुधारका क्षेत्रहरुको अध्ययन गरी पेश भएको अध्ययन प्रतिवेदन प्रस्तुतिकरण सम्बन्धमा ।
५. पोखरा महानगरपालिका वडा नं १२ का वडा सदस्य श्री शान्त बहादुर थापाको राजीनामा स्वीकृत सम्बन्धमा ।
६. URLIP परियोजना अन्तर्गत पोखरा पञ्चासे सडकको लागत अनुमान र वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा ।
७. विविध ।

प्रमुख प्रशासकीय अधिकृत

मिति -२०८३/०२/२८ गते (बिहीबार) स्थान - पोखरा उपत्यका नगर विकास समितको सभाकक्ष

बैठक संख्या- ६८ समय- बिहान: ०८ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको ६८ औ बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो। उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | का.वा.अध्यक्ष वडा नं.-२४ | श्री मैया नेपाली | |
| २८ | सदस्य | का.वा. अध्यक्ष वडा नं.-२५ | श्री धन कुमारी पोख्रेल | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री टकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | ...... | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |
| | | | | |

**पोखरा महानगरपालिका**

न्यूरोड, पोखरा

**६८ औँ कार्यपालिका बैठक मिति २०८३/०२/२८ गते**

**निर्णय नं १**

६७ औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

पोखरा महानगरपालिकाको आगामी आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम तयारीको चरणमा रहेकोमा नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषय मिति २०८३ जेठ मसान्तभित्र उपलब्ध गराउन महानगरका महाशाखा/शाखा तथा वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३**

पोखरा महानगरपालिकाको आर्थिक बर्ष २०८२/८३ को बार्षिक विकास कार्यक्रमको बजेट उप शिर्षक ८०४३९२०१३५३ पूर्वाधार भवनको क्र.स. ११ रेडक्रस भवन पूर्वाधार निर्माण वडा न ८ खर्च शिर्षक नं ३१११२ मा विनियोजित रकम रु २५,००,०००।- बाट नेपाल रेडक्रस सोसाइटीबाटै प्रचलित कानूनको प्रकृया पूरा गरी भवन निर्माण गरी प्राविधिकबाट भएको नाँपजाँच र कार्यसम्पन्न प्रतिवेदन बमोजिम भुक्तानी हुने रकम सोही कार्यालयबाट अन्तिम लेखापरीक्षण गराई महानगरपालिकामा प्रतिवेदन उपलब्ध गराउने गरी नेपाल रेडक्रस सोसाइटीको खातामा भवन निर्माण अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४**

स्थानीय निर्वाचन २०७९ मा पोखरा महानगरपालिकाका वडा नं. १२ बाट निर्वाचित वडा सदस्य श्री शान्त बहादुर थापा र वडा नं १० बाट निर्वाचित वडा सदस्य श्री सुनीमाया नेपालीले वडा सदस्य पदबाट दिनुभएको राजीनामा क्रमशः मिति २०८३ जेठ २० गते र मिति २०८३ बैशाख २२ गतेदेखि लागू हुने गरी हालसम्म उहाँहरुले महानगरमा पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद दिई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

परराष्ट्र मन्त्रालय, सिंहदरबार काठमाण्डौंको च.न. CAWAA/MAA/११०७१, मिति २०८३/०२/२५ तथा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ३५०, मिति २०८३/०२/२६ को पत्र बमोजिम Ministry of Foreign Affairs, Government of Isreal को आयोजनामा २३ र २४ जुन २०२६ तेल अविव, इजरायलमा हुने “Muni Expo 2026” कार्यक्रममा आयोजक संस्थाबाट नै सम्पूर्ण व्यवस्थापन हुने गरी सहभागी हुन पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूलाई गरिएको निमन्त्रणा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

URLIP परियोजना अन्तर्गत पोखरा घाँटीछिना-पञ्चासे सडक निर्माण आयोजनाको लागत अनुमान रकम रु १ अर्ब २९ करोड ३९ लाख ११ हजार ९ सय ४९ दशमलव ८९ स्वीकृत गर्ने र आयोजनाबाट पेश भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (BES) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

फिर्के कोरीडोर एवं पोखरा बसपार्कमा रहेका संरचनाहरु खाली गर्दा/हटाउदा त्यस्ता संरचनामा बसोवास गर्दै आईरहेका सुकुम्वासीहरुलाई तत्काल व्यवस्थापन गर्न जरुरी हुने भएकोले करिब ६०० (छ सय) सुकुम्वासी परिवारहरुलाई व्यवस्थापन गर्न सकिने स्थान (करिब १०० रोपनी जग्गा) खोजी गर्न मिति २०८३/०२/१२ को ६७औँ कार्यपालिकाबाट गठित समितिबाट पेश भएको प्रतिवेदन प्रस्तुतिकरण पश्चात जग्गा छनौट सम्बन्धमा छलफल गर्दा प्रस्तावित जग्गाहरुमा बसोबास

गराउन सकिने परिवार सङ्ख्याको सम्बन्धमा एकिन गर्न प्राविधिक कर्मचारीको संयोजकत्वमा समिति गठन गरी राय प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं ८**

फिर्के कोरीडोर, बसपार्क र अमरसिंह चोकमा रहेका संरचनाहरु तत्काल खाली गर्न/हटाउन पर्ने भएको र सो कार्यका लागि प्रतिष्पर्धा गराई भाडा रकम निर्धारण गर्न सम्भव नहुने विषेश परिस्थिति सिर्जना भएकोले भाडामा लिई प्रयोग भएका एक्साभेटर, डोजर, ट्रिपर लगायत उपकरणको भाडा रकमको हकमा हालको इन्धनको मूल्य, सडक विभागको नर्म्स र जिल्ला दररेटको आधारमा प्राविधिक कर्मचारीले सिफारिस गरेको समयावधि (Hour meter) र ट्रिप सङ्ख्याको हिसाबले हुन आउने रकम एकिन गरी सम्बन्धित व्यक्ति/संस्थालाई भूक्तानी दिने र संरचना खाली गर्ने/हटाउने कार्यमा संलग्न जनशक्ति नगर प्रहरी बल, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा प्राविधिक कर्मचारी, चालक समेतको खाजा/खाना बापतको बिल बमोजिमको रकम भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

फिर्के कोरीडोर, अमरसिंह चोक एवं पोखरा बसपार्कमा रहेका संरचनाहरु खाली गर्ने/हटाउने कार्यमा खटिएका जनशक्तिहरुका लागि कार्य गरेको दिन एकिन गरी प्रोत्सहान स्वरुप कर्मचारीको मासिक शुरु तलब स्केलको दामासाहीले हुने दिनको तलब बराबरको रकम खर्च सञ्चालन निर्देशिका, २०८१ को दफा ३१ उपदफा (८) बमोजिम सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १०**

पोखरा महानगरपालिकाको स्वामित्वमा रहेका जग्गाको जग्गाधनी प्रमाणपूर्जाको अभिलेख व्यवस्थित गर्ने प्रयोजनार्थ जग्गाधनी पूर्जा निकाल्न भूमि प्रशासन कार्यालय पोखरा र लेखनाथलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

पोखरा महानगरपालिकाको आय ठेक्का वन्दोवस्त नियमावली, २०७७ को (पहिलो संशोधन), २०८३ उपर छलफल गर्दा सो नियमावली सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । नियमावलीमा भएको संशोधन अनसुची-१ मा समावेश गरिएको छ ।

**निर्णय नं १२**

पोखरा महानगरपालिका वडा नं. ९, पृथ्वीचोक स्थित पोखरा कोसेली घरको सटर, स्नान घर तथा शौचालय भाडामा लगाउन ३ बर्षको लागी प्रथम पटक मिति २०८३।०१।०४ गते र दोस्रो पटक मिति २०८३।०२।०८ गते बोलपत्र आव्हान भएकोमा ठेक्का नपरेको हुँदा पोखरा महानगरपालिकाको आय ठेक्का वन्दोवस्त नियमावली, २०७७ को (पहिलो संशोधन), २०८३ बमोजिम ५ बर्ष अवधिका लागि बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

पोखरा महानगरपालिकामा सञ्चालन हुने अनौपचारिक क्षेत्र र कार्यरत कर्मचारीको कोषमा आबद्धताका लागि सहजीकरण गर्नका लागि राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ दफा १२ (ग) बमोजिम कार्य सम्पादन गर्न सामाजिक सुरक्षा कोष पोखरा कार्यालयसँग महानगरपालिकाको सूचीकरण,दर्ता र अन्य सहजीकरण कार्यका लागि महानगरपालिकामा कार्यरत रोजगार संयोजक श्री विष्णु प्रसाद दाहाललाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं १४**

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ दफा १४ बमोजिम महानगरमा गठन भएको तपशिल बमोजिमको कार्यक्रम कार्यान्वयन समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगर प्रमुख श्री धनराज आचार्य | :अध्यक्ष |
| प्र.प्र.अ श्री मुक्तिराम अर्याल | : सदस्य |
| सा.वि.स संयोजक श्री तोरण बहादुर बानियाँ | :सदस्य |
| प्रमुख, आर्थिक प्रशासन महाशाखा श्री जयराम पौडेल | :सदस्य |
| प्रमुख, सा.वि. महाशाखा सदस्य श्री निर्मला शर्मा | :सदस्य |
| प्रतिनिधि, रा.वा.बैंक श्री हरिराम पराजुली | :सदस्य |
| प्रतिनिधि, पोखरा उ.वा.सं श्री गोकर्ण कार्की | :सदस्य |
| रोजगार संयोजक श्री विष्णु प्रसाद दाहाल | :सदस्य सचिव |

**निर्णय नं १५**

पोखरा महानगरपालिकामा सञ्चालन भईरहेको सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरु (आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र, वित्तिय साक्षरता, निशुल्क कानुनी सहायता, सूचना सचेतना) एकिकृत गरी आर्थिक विकास महाशाखा र रोजगार सेवा केन्द्र मातहत र मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलवा घरेलु हिंसा ,प्रकोप/विपद लगायको समस्यामा समेत उपलब्ध गराउने व्यवस्था गर्दै स्वास्थ्य महाशाखा मातहत सञ्चालन गर्ने, खटिने कर्मचारीले कार्य प्रगति प्रतिवेदन सम्बन्धित महाशाखा र शाखा प्रमुखलाई मासिक रूपमा पेश गर्ने तथा सेवा प्रवाहको अनुगमन सम्बन्धित महाशाखा र महानगरको अनुगमन तथा सुपरिवेक्षण समितिबाट त्रैमासिक रुपमा गराउने व्यवस्था गर्ने, हाल संघीय सरकार, गण्डकी प्रदेश सरकार र महानगरपालिकाको लागत साझेदारीमा सञ्चालन भइरहेको सेवालाई निरन्तर सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो। साथै कार्यक्रमको सम्पर्क व्यक्तिको रुपमा प्रमुख प्रशासकीय अधिकृतस्तरबाट निर्णय भई रोजगार संयोजकले कार्य सम्पादन गरिरहेकोमा रोजगार संयोजक कार्यक्रमको सम्पर्क व्यक्ति रहने व्यहोरा अनुमोदन गरियो ।

**निर्णय नं १६**

पोखरा महानगरपालिका वडा नं ८ स्थित जनप्रिय माध्यमिक विद्यालयको मिति २०८२/०५/०३ को पत्रबाट भएको अनुरोध बमोजिम विकासका लागि ऐक्यबद्धता (SOD) संस्थासँगको साझेदारीमा उक्त विद्यालय भवनमा ट्रस निर्माण, कम्प्युटर तथा प्राविधिक सीप विकासका लागि जम्मा रु १ करोडको लागत अनुमान पेश भएकोमा लागत अनुमानको ३० प्रतिशतले हुन आउने रकम रु ३० लाख र पोखरा म.न.पा. ३३ स्थित सरस्वती टीका माध्यमिक विद्यालयको मिति २०८२/०५/०८ को पत्रबाट भएको अनुरोध बमोजिम विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राविधिक सीप सिकाउने उद्धेश्यले पाकशाला तालिम (Professional Cook Training) सञ्चालन गर्नका लागि सोही संस्था (SOD) सँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी रु ७२ लाख ७५ हजारको लागत अनुमान पेश भएकोमा लागत अनुमानको ३० प्रतिशतले हुन आउने रकम रु २२ लाख गरी जम्मा रु ५२ लाख आर्थिक दायित्व आ.व. २०८२/०८३ को बार्षिक विकास कार्यक्रमको Matching Fund बाट व्यवस्थापन गर्ने गरी बजेट सुनिश्चित् गर्ने भनी मिति २०८२/०५/१७ को ५२औं कार्यपालिका बैठकबाट निर्णय भएकोमा बजेट उपशिर्षक नं. ८०४३९२०१३५१ पूर्वाधार सडक बजेट खर्च शिर्षक नं ३११५१ सडक पूर्वाधार मर्मत संभार कार्यक्रम सडक बोर्ड म्याचिङ निर्माण शिर्षकबाट बजेट उपशिर्षक नं ८०४३९२०१३५३ पूर्वाधार भवन खर्च शिर्षक नं ३२११२ जनप्रिय मा.वि. वडा नं ८ र सरस्वती टिका मा.वि. वडा नं ३३ म्याचिङ फण्ड शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय न. १७**

पोखरा महानगरपालिकाको मिति २०८३/०२/०४ को ६७औं कार्यपालिकको निर्णयसँग सम्बन्धित अनुसुची-२ मा चालु आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रममा समावेश भएका कार्यक्रम तथा योजनाहरुमध्ये योजना, अनुगमन तथा सूचना प्रविधि शाखाबाट पेश भएका योजना रकमान्तर, शीर्षकान्तर अन्तर्गत बार्षिक विकास कार्यक्रमको नगर कार्यपालिका खर्च सि.न. २५२/१३ खर्च शिर्षक ३११११२ र ३११२३ **पोखरा घर निर्माण वडा नं ९** शिर्षकमा विनियोजित तपशिल बमोजिम रकम पूर्वाधार विकास महाशाखा खर्च केन्द्रमा रकमान्तर हुनुपर्नेमा अन्यथा भएकोमा उक्त रकम पूर्वाधार विकास महाशाखामा रकमान्तर गर्ने निर्णय गरियो ।

**तपशिलः**

| आ.व.०८२/०८३ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| योजना संशोधन तथा रकमान्तर/शिर्षकान्तर गर्ने योजना रु हजारमा | | | | | | | | |
| pokhara house रकमान्तर | | | | | | | | |
| क्र.स | कार्यक्रमको नाम | सि. नं. | खर्च शिर्षक | विनियोजित रकम | रकमान्तर थप रकम | रकमान्तर घट रकम | रकमान्तर पछि कायम हुने बजेट | कैफियत |
| १ | पोखरा घर निर्माण वडा नं ९ | २५२/१३ | ३११११२ | २३००० | ० | ९१५० | १३८५० | पूर्वाधार खर्च केन्द्रको बजेट |
| | १.स्तम्भ तथा घण्टा घर निर्माण | | ३११११२ | ० | १००० | ० | १००० | पूर्वाधार खर्च केन्द्र |
| | २.मुर्ती तथा शिलालेख निर्माण | | ३११२३ | ० | ८०० | ० | ८०० | पूर्वाधार खर्च केन्द्र |
| | ३.सूचना समप्रेषण तथा डिजिटल बोर्ड जडान | | | ० | ९५० | ० | ९५० | पूर्वाधार खर्च केन्द्र |

अनुसुची १

| क्र.सं | चालु व्यवस्था | हुने संशोधन | संशोधनको कारण |
|---|---|---|---|
| १. | दफा ३ को (३) उपनियम (१)र (२) बमोजिम एक आर्थिक बर्षको लागि ठेक्का लगाऊदा भन्दा बढी अवधिको लागि ठक्का लगाउँदा नगरपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा ठेक्का लिनेले उत्पादन गरी विक्री गर्ने एक बर्ष भन्दा बढी समय लाग्ने भएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढिमा तिन बर्षसम्मको लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न सक्नेछ । तर, एक बर्ष भन्दा बढी अवधिको लागि ठेक्का दिने निर्णय राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाबाट हुनेछ । | दफा ३ को (३) उपनियम (१)र (२) बमोजिम एक आर्थिक बर्षको लागि ठेक्का लगाऊदा भन्दा बढी अवधिको लागि ठक्का लगाउँदा नगरपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा ठेक्का लिनेले उत्पादन गरी विक्री गर्ने एक बर्ष भन्दा बढी समय लाग्ने भएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढिमा पाँच बर्षसम्म वा तोकिएको समयावधि सम्मको लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न सक्नेछ । तर, एक बर्ष भन्दा बढी अवधिको लागि ठेक्का दिने निर्णय राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाबाट हुनेछ । | हालै संशोधन भएको सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ मा समेत आवश्यकताका आधारमा कार्यालयले तोक्ने गरी तोकिएको समय भित्र बोलपत्र पेश तथा सूचनाको मिति राख्ने प्रावधान गरेको हुँदा सोही बमोजिम हुने गरी समाजस्यता कायम गर्न । |